# नेपालको सीमा ब्यबस्थापन

## ( अन्तरक्रियात्मक कार्यक्रम )

**रथी विवेक कुमार शाह (अ. प्रा.)**

**अध्यक्ष , नेपाल सामरिक अध्ययन संस्था**

नमस्कार सबैमा !

आजको यस कार्यक्रममा यहाँहरु सबैलाई स्वागत गर्न पाउँदा मलाई धेरै खुशी लागेको छ । आफ्नो कार्य व्यस्तताको बाबजुद पनि हाम्रो निमन्त्रणालाई स्विकार्नु भइ यहाँ उपस्थित हुनु भएकोमा म लगायत हाम्रो संस्थाको तर्फबाट यहाँहरु सबैमा कृतज्ञता प्रकट गर्न चाहन्छु ।

Nepal Institute for Strategic Studies (NISS) ले यस अघि OBOR , DOKLAM जस्ता राष्ट्रिय तथा अन्तरराष्ट्रिय बिषयहरुमा अन्तरक्रियात्मक कार्यक्रमहरु आयोजना गरि सकेको तपाईहरुलाई बिदितै छ । यी कार्यक्रमहरुमा तपाईहरुले बडो चाख र स्नेह पूर्बक सहभगिता दर्शाई हामीलाई साथ दिनु भएको प्रसङ्ग म यहाँ दोहोर्‍याउन चाहन्छु । र , यसको लागि म पुन: यहाँहरु समक्ष बिशेष धन्यबाद ज्ञापन गर्दछु । र, यो पनि भन्न पाउदा गर्ब गर्दछु कि हामीले छलफल गरेका बिषयहरुमा र यहाँहरुले पेश गरेका बिचारसंग राष्ट्रले लिएका मार्ग चित्र ( Policy Strategy ) मेल खाएका थिए । आज पनि हामीले नेपालको लागि एक यस्तै महत्वपूर्ण बिषय वा प्रसङ्ग खोजि यहाँ अन्तरक्रिया गर्न खिजिरहेका छौ, जसको लागी म भन्दा पनि तपाईहरुको पूर्ण बिषेशज्ञता, अध्ययन जानकारी र विज्ञता भएकोले म यस बिषयमा धेरै बोल्न भने चाहन्न। तैपनि, मनमा लागेका एक दुइ कुरा राखी यस कार्यक्रमलाई औपचारिकता प्रदान गर्न मात्र अघि सरेको हु । सिमा ब्यबस्थापन भन्नाले कुनै पनि देशले अङ्गीकार गरेको अर्थात् , अन्तरराष्ट्रिय सीमाको regulate र monitor गर्ने प्रणाली जस्तो लाग्छ । जसले राष्ट्रको सार्वभौमिकतालाई उजागर गर्दछ । सिमा ब्यवस्थापनले मानिस समान, जनावरहरुको लागि आवत जावत ( entry and exit ) र व्यापार ब्यवसायलाई व्यवस्थित गरिदिन्छ , भने आतंकवाद , अबैध क्रियाकलाप , अबैध आप्रबासी , अबैध हात हतियार , लागू औषध देखि लिएर थुप्रै अन्य अबांछनिय क्रियाकलापहरुलाई नियन्त्रण गर्दछ ।

प्रिय अथितिज्युहरु, मेरो व्यक्तिगत बिचारमा नेपालको सन्दर्भमा भन्न पर्दा संसारमा एक मात्र खुल्ला सिमा भएको अत्यन्तै अनौठो सिमा व्यवस्था हामी र भारत बीच छ । यस्तो प्राबधानले हाम्रो देशको राष्ट्रिय हीतमा आजका दिन सम्म के अर्थ राख्यो होला , र भविष्यमा यस प्रावधानले के के बिषयहरुमा यसको असर र प्रभाव बिकशित हुन सक्छन , यो अध्ययन गर्नु पर्ने बिषय जस्तो लाग्छ । यसका विविध आयामहरू त हामी आज यहाँ छलफल गर्ने नै छौं । नेपाल भारतको शान्ति तथा मैत्री

सन्धिलाई पुनरावलोकन गर्ने क्रममा पनि EPG ले केहि धारणा बनाएको बुझिएको हो । तर, यस भन्दा बढी यसका भित्रि कुरा भने हामीलाई जानकारी छैन ।

हाम्रो देशमा सिमा ब्यबस्थापनको अवस्था के छ त ? चीन तर्फ regulated सिमा छ । तैपनि, तहाँ पनि सिमा स्तम्भहरु र सीमा व्यवस्थापन संबन्धमा गर्नु पर्ने धेरै कुराहरु गरिएका छैनन् जस्तो लाग्छ । नेपाल र भारत को सिमा खुल्ला छ । दुवै देशमा नागरिकहरु खुल्ला रुपले सिमा वार पार ओहोर दोहोर गर्छन । खुल्ला सीमाका कारण दुवै देशका पदाधिकारीहरुले बेला बेलामा यसका प्रभावहरु केलाउने गर्दछन् । वास्तबमा, नेपालको तराईमा १९५० को दसक पछी ठुलो DEMOGRAPHICAL CHANGE भएको पाइन्छ । यहाँ दुवै तर्फबाट ( पहाड र सिमा पारि भारतबाट ) अत्यन्तै धेरै संख्यामा migration भएको पाइन्छ । भारतबाट migrate आएका र अहिले पनि निरन्तरता रहेको धेरै जनसंख्याले नेपाललाई आर्थिक, सामाजिक, संस्कृतिक, राजनीतिक , रणनीतिक प्रभाब परेको प्रस्ट देखिन्छ । हामीले "ठिकलाई ठिक र बेठिकलाई बेठिक भन्न सक्नु पर्दछ, चाहे त्यो धेरैले नमानुन् " । यो कुरा विल्लियम पेन् ले भन्नु भएको थियो / ( *William Penn ( १६४४ – १७१८ ), वहाँ एक English nobleman, writer, र North American colony , State of Pennsylvania क founder हुनुहुन्थ्यो )*

यसैले, हामीले अब नेपाल भारत र नेपाल चीन बीचको सिमालाई नयाँ ढंगले ब्यवस्थापन गर्ने तर्फ सोच्नु पर्ने हो कि ? यति भन्दै म अब NISS का General Secretary Brig Gen (Retd) Dr Keshar Bahadur Bhandari, लाई कार्यक्रमको Moderation गरिदिन को निम्ति आग्रह गर्दछु ।

धन्यबाद !

**सहायक रथी केशर बहादुर भण्डारी, Ph. D**

**सचिव ,** Nepal Institute for Strategic Studies

यो कार्यक्रम अनौपचारिक रूपले गरिने छ । हामीहरुले आफ्नो धारणा राख्ने हो, हामीमा सबैले participate गर्नु पर्छ भन्ने basic मान्यता छ l हाम्रा दुई छिमेकी संग जे जति issue छ त्यो आओस् भन्ने हो, हामीमा स्थायी मुद्दा छन्, मौसमी मुद्दा छन् र कतिपय genuine मुद्दाहरु पनि छन्, सबै कुरा आओस भन्ने हाम्रो प्रयास हो । सीमा सुरक्षाका विषयहरु । सुरक्षा बाहेक गैर सुरक्षा र राष्ट्रिय हितका कुराहरु पनि recommendation को रूपमा आउन सक्यो भने हाम्रो अन्तरकृयाले सार्थकता पाउने थियो । नयाँ-नयाँ कुरा आएमा अन्तरकृयाले सफलता प्राप्त गर्ने छ । हामीसंग आज यस कार्यक्रममा तीन जना DG हरु पनि हुनुहुन्छ । सीमा सम्बन्धमा विचार राख्न IGP सर पनि हुनुहुन्छ l त्यसैले अन्तरकृयाबाट पाएको विचारलाई Documentation गर्न पायौ भने हामीलाई फाइदा हुने नै छ ।

**बुद्धिनारायण श्रेष्ठ, सीमा विद्, पूर्व महा निर्देशक , नापी बिभाग,लेखक**

दक्षिणी छिमेकीसंग खुल्ला सिमाना र उत्तर तर्फ rugulated border छ । उत्तरमा नियमन सीमा व्यवस्था छ तैपनि तिब्बतीहरु बेला बेलामा घुसपैठ गर्छन । यी घुस्पैठ गर्ने हुन् की शरणार्थी हुन्।

अमेरिकी दूतावास भन्छ शरणार्थी हुन् । चीन भन्छ घुस्पैठ गर्ने हुन र तत्काल Depot गर । एक दुईमहिना पहिला गृहमन्त्रीलाई भेटेर ID card दिनु पर्यो भन्छन । उनीहरुलाई शरणार्थीको ID card कसरी दिने ? हामीले कुटनीति कसरी जान्छ त्यो विचार गर्नु पर्छ । उनीहरु चीनबाट पसेका हुन, भने चीनले कडा गर्न सकेन भन्ने हो । जस्तै दोलखा जिल्लामा लामा बगरबाट पनि तिब्बतीहरु नेपाल भित्र आउछन् । सीमा ब्यवास्थापनको कुरा गर्दा चीन सँग १९६१-६२ मा सीमा सिमांकन भयो । त्यस बेला चीन र नेपाल वीच ३२ ठाउँमा दुविधा थियो । मेरो अध्ययनमा केहि क्षेत्र चीनको तिब्बत तर्फ गएको फेला परेको छ । हाम्रो नेपालमा किमा थान्कामा २ ठाउँ चिन तर्फ गएको पाइन्छ । १०२ वर्ग कि. मि. नेपाल तर्फ पनि आएको छ । दक्षिण तर्फ खुल्ला सीमाको कारणले गर्दा अबांछनिय तत्वले दुरुपयोग गरेको छ । नेपाल र भारतको सम्बन्ध सुधार विकास पनि भएको छ । राजनीतिक नेताहरुले नेपाल र भारत सम्बन्ध बिग्रन्छ भन्छन् । सीमालाई नियमन गर्न पर्छ । बिराटनगरमा अपहरण गरेर भारतको जल्पाईगुडीमा लगेर फिरौती मागेको समेत पाइयो। सुरक्षा चासोसँग सम्बन्धित भएकोले यसलाई जनतालाई अप्ठ्यारो नपर्ने गरि विस्तारै क्रमबद्द रूपमा नियमन गरिनु पर्छ।

मेरो विचारमा पहिलो phase मा CCTV बाट निगरानी गर्ने राम्रो कुरा हो । नेपाल र भारत विच १८८० कि.मि. लामो सीमालाई १८५३ खम्बा चाहिन्छ । १०गजा क्षेत्र व्यवस्थित नहुनु , धेरै खम्बा मिचिनु परेको छ । निर्धो किसान (नेपाल तर्फ) र कमजोर सीमा संयन्त्र पनि नेपाल मै छ त्यसैले दुवै तर्फबाट राम्ररी बुझी बसी यसलाई व्यवस्थित गरिनु बेस हुन्छ ।

**डा गोबिन्द थापा, अर्थशास्त्री, पूर्व डेपुटी गभर्नर , राष्ट्र बैंक**

जंग बहादुर आइसकेपछि पनि सीमा केहि बदलियो । नेपालमा १० गजा क्षेत्र बन्यो। धेरै पिलरहरु हराए ।सीमा कसैले मिच्यो भने अर्को देशको सुरक्षा फौजले गोली नै हानिदिन्छ। हामीका त्यसो किन गर्न न हुने ? Then and There Security मा खटिनेले गोलि किन हान्दैनन् ? उनीहरु action किन गर्दैनन् ? हामीले posting गरेको सुरक्षाकर्मीलाई त्यो अधिकार छैन । त्यस्तो भयो भने CDO ले अहिले प्रतिबेदन पठाउने पछी मन्त्रालयमा निर्णय गर्ने भन्ने रहेछ । सबै कुरा केन्द्रले हेर्छ। गृहमन्त्रालयले हेर्छ। अब गृह मन्त्री नभए पनि गृह सचिव, र CDO पनि छानेर लाग्ने आदि परम्परा पनि हामीले देखेका छौ ? Report आइहाले पनि त्यो त्यति मान्य नहुने गरेको पाइन्छ । नेपालीहरुलाई महाबाणिज्यज्यदूतले झन् निगरानी राखेको जस्तो पाएं । सिमामा त्यस्तो घटनाहरु झन् बढेको पाए । LIPULEK र कालापानीको समस्या पनि भारत तर्फ गयो भन्दा पनि राजा महेन्द्रले अहिले नचिढाउ भनेको मैले पढें । मलाई यहाँ भन्नै पर्ने कुरा के लाग्यो भने त्यहाँका आदिवासीले सीमाको सुरक्षा गरेका रहेछन् । सीमा मिचिदा स्थानीय जनताले प्रतिवाद गर्दा पनि केन्द्रले चासो लिएको पाइएन । वर्तमान COAS नियुक्त भएको दुई- तीन दिनमै भारतीय राजदूत उनलाई भेट्न पुगे । तीन जना पूर्व सेनापति र वर्तमान सेनापति अहिले दिल्ली मै छन्। २०६२/६३ को आन्दोलनमा सेना प्रभावित भएको हो कि भनेर प्रश्न गर्छन । राजनीति गर्नेलाई त पदको लोभ देखाई दिए पनि सकियो । भारतले नेपालमा पहिले नै महाबाणिज्य दूतावास खोल्न खोजेको हो । पछि ज्यादै बिरोध भए पछि मात्र बिराटनगरको चाहि बन्द गरेको बुझिन्छ । कटिबद्द ढंगले भारतले जनमतको प्रतिनिधित्व जस -जसले गर्छ त्यसलाई प्रभाव पारेको पाए ।

**किशोर कुमार लामा, पूर्ब महानिरिक्षक, शसस्त्र प्रहरी  बल नेपाल**

APF ले सीमा व्यवस्थापनमा के अवस्था छ भन्ने कुरा म संक्षेपमा जानकारी गराउछु । IGP DB LAMA भन्दा केहि समय अघि नेपाल प्रहरीबाट खटिएका सीमा सुरक्षा प्रहरी भन्ने थियो । जसले सुरु – सुरु प्रारम्भमा राम्रै काम गरेका थिए । एवं ऋतले काम गर्दै गर्दा जिल्ला सीमा सुरक्षा भन्ने अर्कै ईकाई थियो, त्यसले हेर्दथ्यो  । जिल्ला प्रहरी कार्यालय र त्यसमा मतान्तर आए पछि जिल्ला सीमा सुरक्षा कार्यालयहरु हटाइए । जि.प्र.का. यति व्यस्त भयो कि यसले सीमा मा काम गर्न सकेन । त्यहाँ चौकी भन्ने सम्मको थियो ।  माओवादीको शशस्त्र द्वन्द पछि त सीमाको monitoring नै भएन । APF बने पछि यसलाई सीमा सुरक्षाको MANDATE  दिइयो । त्यतिबेला सम्म धेरै खम्बाहरु हराएको encroachment भएका १० गाजा पाईयो । APF ले ऐले जुन duty गरेको छ त्यो सकारात्मक त छ तर ऐले पनि विभिन्न स्थानमा परिबाट आएर छापा हान्ने अन्य क्रियाकलाप हुन्छ यद्दपी APF भएपछि त्यो घटेको त छ । जस्तो कोयलाबास , कंचनपुरमा घटेका घटना पनि बुझ्नु पर्छ । गोलि हान्ने अधिकार APF लाई छैन । ROE के दिने भन्ने पनि छैन र सीमामा जुन Criminal Nexus, Socio economic political पकड बढेको छ जुन एकदमै terrifying छ । नेपालको डन culture विकास हुनु, money laundering र अन्य कुराहरु हेर्दा open border को बारेमा EPG ले report दिएको छ रे , खुल्ला सीमाको कारणले गर्दा भारतले पनि आरोप लगाएको सन्दर्भमा सीमामा Bio metric resources, equipment, CCTV राखी सीमाका कुनै कुनै स्थानमा regulate गर्नु राम्रो हुन्छ कि ?

**ध्रुब हरि अधिकारी, लेखक, Senior Journalist**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले मेक्सिकोसितको सिमानामा पर्खाल बनाउन झण्डै ६ अर्ब डलरको बजेट स्वीकृति नपाउँदा संसद् सितको द्वन्द्व चर्किनाले संघीय सरकारका नियमित कार्यक्रमहरू प्रभावित भएका छन् । झण्डै आठलाख कर्मचारीले काम गर्न नपाउँदा कतिपय विभाग र कार्यालय बन्द भएको तीन साता भैसक्यो । ट्रम्प पर्खाल बनाएर गैरकानूनी आप्रवासीको प्रवेश सँगसँगै भित्रिने खराबी रोक्न चाहन्छन् भने उनका आलोचकहरू आजको जमानामा पर्खाल समाधान होइन भन्दैछन् । सिमानाको आवागमन नियमन गर्न अन्य उपाय अपनाइनुपर्छ भन्ने तिनको कथन रहने गरेको छ ।

बर्लिनको पर्खाल  दुई जर्मनीलाई छुट्याउने तगारोको रूपमा रहेको (सन् १९६१-८९) तथ्य निकट विगतको अभिलेखमै छ । चीनको ठूलो पर्खाल (ग्रेट वाल) पनि बाहिरी हमला र अवैध प्रवेशहरू रोक्नकै लागि बनाइएको थियो । समयको अन्तरालमा पर्खालको काम काँडेतार (बार्बड वायर) बाट लिन थालेको पनि देखिन्छ । उदाहरण हुनसक्छ छिमेककै भारत जसले पाकिस्तान र बङ्गलादेशसितका सीमारेखालाई सुरक्षित गर्न ठाउँ-ठाउँमा काँडेतारको प्रयोग गरेको छ । सुरक्षाकर्मीहरूबाट नियमित गस्ती गराउने बन्दोबस्त मिलाएको छ ।

सीमारेखा किटान गर्ने र सिमाना नाघेर एक देशबाट अर्को देशमा पस्ने-निस्कने प्रक्रियालाई व्यवस्थित गर्ने विषय सर्वोपरि प्राथमकितामा पर्नुपर्ने मामिला हो । यसो नगर्ने वा गर्न नसक्ने मुलुकले आफूलाई सार्वभौमसत्तासम्पन्न राष्ट्रको हैसियतमा राख्न सक्दैन । यस आधारमा नियाल्दा नेपाल कहाँ उभिन्छ? सोमवार काठमाडौंको एक होटलमा भएको ‘नेपाल ईन्स्टिट्यूट फर स्ट्राटेजिक स्टडिज’ नामक

संस्थाले आयोजना गरेको अन्तर्क्रियाका करीब दुई दर्जन सहभागीमध्ये धेरैजसोले चिन्तामिश्रित अभिव्यक्ति दिए ।

नेपाललाई 'ढोका नभएको घरजस्तो' भनेर चित्रण गर्ने एक सहभागीको कथनले समकालीन नेपालमा आम-मुलुकवासी धरातलीय यथार्थबाट टाढा रहेको तथ्य उजागर गर्दछ । किनभने उत्तर र दक्षिण दुबैतर्फका छिमेकीबाट ठाउँ-ठाउँमा सिमाना मिचिएको छ, खास गरेर दक्षिण, पूर्व र पश्चिमका सिमानामा ८४ ठाउँमा नेपाली भू-भाग अतिक्रमण भएको छ । सुस्ता र कालापानी जल्दाबल्दा मामिला हुन् । लिपुलेकमा नेपाली स्वामित्वको बेवास्ता गर्दै चीन र भारतले सन् २०१५ मा व्यापार नाकाको रूपमा त्यसको प्रयोग गर्ने लिखित सहमतिको कुरो प्रचारमा आयो । यस्तोमा नेपालले छिमेकीहरूसित आफ्नो असहमति प्रकट गर्नु अन्यथा होइन ।

सिमाना किटान गरी छुट्याएर राख्नु एउटा पाटो हो भने यसरी व्यवस्थित सिमानाबाट मानिसहरूको आवतजावतलाई नियमित राख्ने आवश्यकता चुनौतीको अर्को पाटो हो । यसमा पनि नेपालको व्यवस्थापन भरपर्दो छैन । चीनतर्फको आउजाउलाई राहदानी र प्रवेशाज्ञा (भिसा) को माध्यमबाट नियमित गरिएको छ तर भारततर्फ आवतजावतलाई यसरी नियमित गरिएको छैन, को आयो को गयो त्यसको अभिलेख राख्ने चलन छैन ।

सिमाना अनियन्त्रित राख्ने यस्तो खुकुलो स्थितिले नेपाललाई अप्ठ्यारो पार्छ, पारेको छ । भुटानका शरणार्थी र म्यान्माका रोहिङ्ग्या शरणार्थी उदाहरण हुन् । भारतकै मानिस पनि नेपालको फितलो नागरिकता कानूनका छिद्र उपयोग गरेर नेपाली बनेका छन् । यो एक सार्वभौमसत्तासम्पन्न मुलुकको निम्ति स्वीकार्य परिस्थिति होइन । हवाईयात्री भएर सिमानामा ओहोरदोहोर गर्नेलाई राहदानी चाहिने तर जमीनबाट वारपार गर्नेलाई परिचयपत्र पनि नचाहिने अहिलेको (अ) व्यवस्था त्यसै पनि अन्तर्विरोधी छ ।

कतिपय मानिसले सन् १९५० को नेपाल-भारत सन्धिले सिमानालाई 'खुल्ला' राखेको तर्क दिन्छन् । तर सन्धिमा त्यस्तो बुँदा कतै छैन र नेपालले यसमा परेका अन्य कतिपय अस्पष्ट र दोधारे प्रावधानका कारण शुरूदेखि नै असमान भन्दै आएको छ ।

भनिन्छ, यतिखेर नेपालमा दह्रो सरकार छ जसलाई संसद्को दुईतिहाई प्राप्त छ । यस्तो बखतमा सरकारले बलियो कदम उठाएर आफ्नो देशको भूभागको सुरक्षा गर्नुको साथै आवागमनलाई व्यवस्थित गर्न ढिलाइ गर्नुहुँदैन । यस्तो पहल भएमा सरकारप्रतिको जनविश्वास बढी खस्किन पाउने छैन ।

**सहायक रथी, डा रणध्वज लिम्बू, सुरक्षाविद**

सीमा सुरक्षा BSF को जिम्मेवारी हो । अन्तिममा भने आर्मीले गर्ने हो । त्यसको लागि National Security concept अनुसार नै जाने हो । सीमा व्यवस्थापनको कुरा गर्नु पर्दा हाम्रो लागि गम्भीर समस्या भएको छ।यो बुझी सक्यौ। सुस्ता लिपुलेकमा अन्याय नै भएको छ । विशेष गरेर Border issue समाधान गरेर जानु पर्छ जुन microlevel मा नै हुन सक्छ । गर्ने नै हो भने highest level मा गरिनु पर्छ। जति सानो कुरामा अडी रहन्छौ त्यति नै नोक्सान व्यहोर्नु पर्ने हुन्छ । सानो देशलाई नोक्सान हुन्छ, ठुलो देशलाई फरक पर्दैन । border issue बारे धेरै प्रोपगाण्डा काम हुन्छ भने चाँही

हुदैन । राजनीतिक तहमा काम भएको पाइदैन । ब्यवहारमा पनि भएको देखिएन । सीमा व्यवस्थापन गर्दा खेरी थुप्रै धारणाहरु आउन सक्छ, Extreme option हरु पनि आउँछन। दुबै exterem option हरुको विचार मन्थन गर्नु राम्रो हुन्छ । Implication हरु के के हो त ? विशेष गरि security related issues हरु छन् । National survival र national sovereignity को लागि यसको प्रभाव ठुलो हुन्छ । option हरु बारेमा extreme तर्फ नजाने तर moderate तरिकाले गरिनु , secure गरिनु राम्रो हुन्छ । APF deploy गरिनु पर्छ। deploy नगरे सम्म स्थानीयले secure पनि महसुस गर्दैनन्। भारत तर्फ हरेक किलोमिटरमा battalian राखेको छ जस्तो लाग्छ । हामीले पनि लगभग १०-१५ कि.मि. मा company मात्र राखे पनि २००००-२५००० मा फौज राखेमा पुरा गर्न सकिन्छ । फौज चाही राख्नै पर्छ ।

**प्रो डा सुर्य ढुंगेल, कानूनबिद**

अब discussion ले केहि न केहि राम्रो निस्कर्ष निकाल्छ भन्ने छ। हाम्रो समस्या कहाँ छ भने बारे माथिल्लो तहको राजनैतिक दलको प्रतिबद्दता आवश्यक छ । डा. लोहनी जो पूर्व मन्त्री हुनुहुन्छ , वहाँ र Principal Military Secretary ( PMS ) लाई भित्रि समस्या थाहा छ । तर किन गर्न सकिरहेका छैनौ । Political committment highest level मा हुनु पर्यो । नेपालमा हामीले आफ्नो case लाई study गरेर सहि ढंगले राख्न सक्नु पर्छ। सीमा भित्र हाम्रो अधिकारको कुरो हो , त्यसलाई nigotiate गरेर कसरी व्यवस्थित गर्ने भन्ने हाम्रो काम हो । उत्तरी side मा border regulated भएता पनि त्यहाँ पनि ठुलो समस्या निस्कन सक्छ । जस्तै Modi र Xi Jing Pin ले लिपूलेक बारे काम गर्ने तर नेपाललाई कुनै जानकारी नै नदिने ? जब सम्म हाम्रोले ID card प्रयोग गर्न पाउदैन । National committment गरेर minimum regulatory मात्र भए पनि गरिहाल्नु पर्छ । यस बेला सम्म phase wise केहि भई सक्नु पर्ने देखिन्छ ।

**डा. प्रकाश चन्द्र लोहनी, पूर्व मन्त्री**

मौका दिन भएकोमा धन्यवाद ! मलाई के लाग्छ भने दुई ओटा कुरा छ । २/३ वर्ष मा काम गर्ने भनेर म FM ( बिदेश मन्त्री ) हुँदा सुरु गरेको हो। लिपुलेकमा हाम्रो claim छ। हाम्रो Substantial claim पनि छ । नक्शा आदिले त्यसलाई support गर्छ । यसमा उनको reservation छ र यसलाई हामीले छोड्ने कुरा पनि हुन्न । भविष्यमा कसरी solve होला त्यो आफ्नो ठाउँमा छ । सुस्तामा नदीले course परिवर्तन गरेको कारणले हो । सुस्तामा negotiation गरेर समाधान गर्न सकिन्छ जस्तो लाग्छ । हामीले सीमा commission लाई काम गर्दा overall हाम्रो नाफा नोक्सान हेर है भन्ने गरिन्थ्यो ।

Demarcation itself is an issue. यो किन नहुन सकेको भन्दा मैले पनि बुझ्न सकेको छैन । नेपालले पनि solve गर्न इच्छा गरेको पाईन्न , जति सुकै राष्ट्रवादी कुरा गरे पनि border को कुरामा भने we are weak । border management म पनि धेरै experience बाट भन्छु । म FM भइसकेपछि भारत का PM IK Gujral को निम्तामा गएं । Terrorism कोproblem छ्याप-छ्याप्ती छ भनि good spirit मा व्यक्त गर्नु भयो । हामीले ठिकै छ भारतको सुरक्षालाई खतरा हुने कुरामा हामी कदापि गर्दैनौ तर security को नाममा uniform लगाएको मान्छेलाई नेपालले handshake गर्दैनौ भन्यौ । We signed a document, EPG should know it । यसमा PC Lohani + IK

Gujral ले border regulate गरिने छ भनि Document sign भएको छ। नेपालको तर्फबाट अन्य तीन जना कर्णध्वज अधिकारी, शुशील पन्त, अर्को एक व्यक्ति पनि हुनुन्थ्यो नाम बिर्से । भारतको तर्फबाट गृह सचिव हुनुन्थ्यो । काठमान्डौमा त्यसको दुई बैठकहरु पनि भएका थिए। सीमा सुरक्षा हेर्दा दुइ देशको diplomatic context को concept मा पनि हेर्नु पर्छ। नेपालमा पनि खुल्ला सीमाको positive र negative impact थुप्रै छन् । नेपालको surplus labour भारत जान्छन। cross border terrorism , अपहरण , मानव बेचविखन , भुटानी शरणार्थी , migration को पनि ठुलो समस्या छ । भारतको growth rate राम्रो हुदै गएकोले migration चाही घट्यो कि? regulate गर्ने modality के त? दुवै देशको सरकारको विज्ञले सुझाव दिने भन्ने हो । गिरिजा प्र. कोइराला, शेर बहादुर देउबा , हामी पनि सरकारबाट हिड्यौ अनि यो बिषय पनि सेलायो । EPG ले लेखेको छ भने good thing they have written, India also has realized it । नेपाल सरकारले ऐले पनि यो गर्न सक्छ । PM र FM ले यसको थालनी गर्नु पर्यो। भारतका policy maker ले पनि यसलाई appreciate गर्छन जस्तो लाग्छ । १७/१८ महिनाको कुरा गर्दा तपाईलाई फाइदा छ भनि कुनै complex नराखेर भन्ने हो भने India का policy maker हरु convince हुन्छन । नत्र गुजुरालले किन sign गर्थे । आफुलाई दुखेको छ भने दुख्यो भन्दा anti indian भइदैन । यस्तो कुरा भन्न हिच्किचाउने , लम्पसारवादी हुनुहुन्न। नेपालमा resentment भएमा भारतको पनि हीत हुन्न ।

**नारायण प्रसाद अधिकारी, Counter Terrorism बिज्ञ**

सीमा व्यवस्थापनमा physical management र diplomatic concept हेरिनु पर्छ। हामीले उत्तर तर्फ पनि सीमा regulate गर्न सकेका छैनौ। माथिल्लो Dolpo को मानिसहरुले आफ्नो चौरी चर्दै चीन तर्फ भित्र गएमा फिर्ता आउदैन भन्छन् त्यहाँ, प्रहरी पोष्ट, जन प्रतिनिधि पनि छैनन् । रसुवा र तातोपानीमा मात्र border regulated छ भन्ने हो र ? नेपाल र भारतको issue मा मात्र यो focus गरेको देखिन्छ। एउटा सार्वभौम देशलाई सीमामै ecroachment हुन्छ भने APF , NA किन पाल्नु ? Diplomatic relation र physical security संगै जादैन । भुटानीहरु भारतको बाटोबाट आउन पाउने तर फर्किन नपाउने ? पछि रोहिन्ज्याहरु आएर ठमेलमा AK47 पडक्यो भने के हुन्छ ? Border management , national security सँग मात्र जोडिदैन। देशको economy सँग पनि धेरै जोडिन्छ। Asim Bhatkal पक्राउ पर्दा नेपालले न हाम्रो भूमिमा पक्राउ पर्यो भन्न सक्छ न भारत सँग प्रतिबाद गर्न सक्छ । हामीकहा जसको सरकार आएपनि सरकार कति टिक्छ भन्ने चिन्तामा हुन्छन। Border management लाई दुरुस्त राख्न counter terrorism यन्त्र पनि छैन। समस्या सबैले देखेका छौ। समस्याको समाधान खोज्नका लागि P to P लाई बाधा नपरिकन नेपालको र भारतको सुरक्षा चासोलाई हेरी काम गर्नु पर्छ । Border management गर्ने क्रममा APF को modernize गर्ने हो कि? २/२ कि. मि. मा उसले ग्रस्ती गर्छ भने हामीले पनि GPS system , Ingress staff राखी APF post हरु थप्ने हो कि?

**डा.गोपाल खनाल, अन्तरराष्ट्रिय सम्बन्ध बिज्ञ, सल्लाहकार गोरखापत्र संस्थान**

Regulate चाही गर्नु पर्छ । Complete seize गर्नु पनि हुन्न । Modality के हो? EPG को joint रिपोर्ट छ । सरकारको तर्फबाट बोल्ने कुरा छिटो हुन्छ की ? यो Forum किन Right भयो भने यो

forum ले त्यो विचार पुर्याउन भने बडो कामयाबी हुन्छ। यसले सपोर्ट गर्छ है। अहिले पनि साना साना विषय आउने गर्छन जस्तै Kathmandu मा मान्छे आएर हराउने, तराईमा केहि समस्या आउने, त्यसैले EPG बन्यो। अब EPG report आइसकेपछि सरकारले बोल्छ कि ? EPG को रिपोर्ट बाहिर आएकै छैन । सुस्ता र कालापानीको सम्बन्धमा के गर्ने त? सुस्ता र कालापानी सुल्झ्याउन पर्छ कि ?

नेपालको सीमा लगातार encroachment भएको छ । सुस्ता र कालापानीको समस्यामा integrated checkpost को स्थापनाले regulate गर्न मद्दत गर्छ कि ? नेपाल सरकारले diplomatic dealing गर्दा हामी केहि policy बाट पनि निर्देशित हुनु पर्छ । चीन भारत तर्फ दुवै तिरका समस्याहरुलाई सुल्झ्याउन पर्छ।

**प्रो. डा. शास्त्रदत्त पन्त, लेखक**

मैले धेरै point हरु भन्न पर्ने देखिन । उत्तर र दक्षिणको नेपाल प्रति नियत फरक छ । उत्तर तिरको सीमा regulate गर्न अत्यन्तै सहज भएको थियो । दुइ देशको विचमा एउटा समझदारी भएको थियो । दुइ देशका सीमा विषयमा जनताले जुन बेहोरेका छन् त्यो मान्ने , दुवै देशलाई चित्त नबुझे दुई देश बसी बहस गरि टुंगो लगाउने , त्यो पनि नभए नेपाली र चिनिया नागरिकले जमिन उपभोग गरे बमोजिम गर्ने भनियो । तर दक्षिण तर्फ भने यस्तो सरल छैन। चीन को नियत के छ भनि बुझ्नका लागि धेरै दृष्टान्त छन् । चीनले नेपालका सम्भव भएका सबै सामानलाई zero भन्सारमा लिन तत्पर छ भन्छ तर भारत को त्यो नियत छैन । चीनको केहि भू-भाग नेपालमा आएको छ र केहि भू-भाग चीन तर्फ पनि गएको छ । भारत तर्फ भने समाधान भयो भनिएता पनि अतिक्रमण भईरहेको छ । ८४ स्थानमा अतिक्रमण भएको पाईन्छ । जति पनि छ नेपालबाट भारत तर्फ भएको छैन बरु भारतबाट नेपाल तर्फ छ । सुस्ता र कालापानीको प्रमाण भएता पनि , भारत कै Retd Army officer ले रिपोर्ट गर्दा पनि (त्यो purely नेपाल को भू-भाग हो भन्दापनि ) भारत त्यो मान्न तैयार छैन । तर चीन सँग लडाई लड्नु पर्दा त्यो strategic point चाहिन्छ भनेर अडान लिएको छ । नेपालले त्यो जमिनलाई भारत को लागि lease मा दिने त ? नेपाललाई स्वतन्त्र देश मान्ने वर्ग भारतमा धेरै छन् र स्वतन्त्र देश नमान्ने वर्ग पनि छन् । यहाँहरु तीन वटा point हरु political leaders ले realize गर्नु पर्छ।

१. आजको सरकार भएको भए नेपाल संयुक्त राष्ट्र संघको सदस्य हुन सक्दैन थियो । रूस सम्म गएर नेपाललाई UN को member हुन दिन हुन्न भन्न उनीहरु पुगेका थिए ।
२. नेपाल प्रवेश गर्दा खेरी नेपाली पोशाक लगाएका , नेपाली भाषा बोल्ने समूह सीमामा होस् भनि पुनर्वास योजना राजा महेन्द्रका पालामा गरेको प्रवेशद्वार हो । त्यो वर्तमान सरकारले किन खारेज गर्दै लागे । नेपाल स्वतन्त्र देश हैन नेपाललाई भारतमा गाभ्नु पर्छ भन्ने रणनीति बनाउनु पर्छ भन्ने पनि छन् । राष्ट्रिय मूल नीति पनि नेपालको छैन ।
३. नेपालमा जब सम्म border regulate गरिन्न नेपालको आर्थिक उन्नति हुन्न। यहाँका उद्ध्योग धन्दा कुनै पनि अगाडी बढ्ने छैन । भारतले बंगलादेशमा चाहि fencing , wire लगाउन हुने नेपालमा चाहि fencing गर्न नहुने ? किन की नेपाललाई प्रान्त बनाउने उसको चेस्ठा देखिन्छ । मैले भारतीय दूतावास सँग कुरा गर्दा statesman पत्रिकामा सूचना निकालेको छ, नेपालले fencing गर्छ भने हाम्रो कुनै आपत्ति छैन भन्छ भने नेपाल सरकार किन मौन रहेको छ त ? Border regulation खर्च गर्ने पैसा ६ महिनामा हुने चोरी निकासीको रोकथामको पैसाले नै पुग्छ । नेपाल को अर्थनिती अगाडी बढाउन निम्ति पनि त्यतिकै policy framework बनाउन

पर्ने देख्छु । सीमामा यस्तो परिस्थिति बनिरहेका छन् कि नेपाली citizen अब हामी नेपालमा बस्दैनौ भारत तिर बस्छौ भन्ने मानसिक विकास गर्दै छन् । नेपालको अहिले सम्म गरेका सन्धि संझौताहरु समानताका आधारमा गरेका छैनन् । भारत तिर किन नगर्ने जब की चीन तर्फ मात्र गरेको छ नि ? भारतले जुन तहको राख्छ र के अधिकार दिएको छ भने नेपालले पनि त्यै अनुशार किन नगरेको त ? अन्तरराष्ट्रिय कानूनमा भूपरिवेष्ठित देशले पाए सरहको अधिकार पनि नेपाली लिएको छैन । यसको दोषी को ? Political Leader हरु । यो व्यवस्था हुन्न भने अब नयाँ political system नै खोज्ने कुरा पनि आईसकेको छ ।

**प्रो डा युबराज संग्रौला , लेखक , पूर्व प्रमुख न्यायधिबक्ता**

पहिला पहिला नेपालीले विदेशीसंग खान खायौ । ऐले पनि हामी बिदेशी संग breakfast, lunch र dinner खान्छौ । Security agencies का अधिकृतहरु पनि अनर्थ गर्छन । आ-आफ्नो departmentको defend गर्छौं। देशको defend गर्दैनौ। राष्ट्रलाई हेरेर काम गर्ने प्रचलन भएन , institute को हीतमा काम गर्ने काम भो। तराई सीमा crimea को घटनाले देखायो, referendum हुदा के हुने । ५१ प्रतिसत हुनुपर्यो । Border को demarcation को problem छ । यस्ता ८४ ठाउँमा छन । त्यसैले demarcation र management लाई अलग्याएर हेर्नुपर्छ । Regulate गर्नु पर्छ भन्नेमा विवाद रहेन । Fencing र अर्को के हुन सक्छ । मलाई PM सुशील कोइराला हुँदा गृहले consultant को रुपमा भन्यो । NID, APF, गृहको प्रतिनिधि भएर गरौ भन्यो । मैले यहि भित्र बसेर गृहले तयार गरेको हो भनि गरौं भने । ३३ पेज को paper तयार गरें । Fencing भन्दा safe उपाय २,४, ५ कि.मि. मा Telescope बाट Tower to Tower हेर्ने, Radius 5 KM हेर्न सक्ने रहेछ । २ वटा Tower को बिचमा APF लाई Guns and Ammunition सहित राख्ने जसले बिहान दिउसो साँझ गरि ३/३ कि मि (जम्मा ९ कि मि दिनभरमा) गस्ती गर्न सक्ने रहेछ। दक्षिण तर्फ पुरै regulate गर्न जम्मा ८००० संख्याको फौज र २२ करोड रुपैयाँ लाग्ने रहेछ । पछि यो गर्नै हुन्न भनि गृहमा कुरा उठेछ । मैले सोध्दा पनि यो अहिलेलाई राखौं पछी गरौं भने। त्यसैले problem भारत होइन problem नेपाल भित्र नै हो । यहाँ पनि मुख चपाएर कुरा नगरौं भन्छु म। १ लाख ६० हजारको मोटर साइकल उता ४०, ००० मा पाईन्छ । JNU मा मैले बोले, यदि नेपाल तपाइँ लिनु हुन्छ भने लिनुहोस म JNU को Vice chancellor हुन पाउछु । अनि तपाईले नेपाल लिए पछि भारतमा के हुन्छ नि ? March मा म फेरी कार्यक्रमको सिलसिलामा भेट्न जादै छु । भारत सँग breakfast dinner खान चाही छोड्नु पर्छ । समाधानको लागि पहिले हामी भित्रको बेइमानीलाई ठिक पारौं। हामी दरो गरि बस्यौ भने भारतले केहि गर्न सक्दैन । मेरो तीन सुझाव यस्तो छ :

१. हामी सबैले सरकारलाई एउटा सुझाव दिऔँ । हामी सबैले PM office भित्र गएर बोल्न पाउने हुनुपर्यो ।
२. जब सम्म अर्थतन्त्र विश्व अर्थतन्त्रले dictate गरेको मान्छेबाट चल्छ त्यो बेला सम्म नेपाल गरिब नै रहन्छ ।
३. राष्ट्र रहे मात्र पार्टीको सरकार ।

**प्रा केशव प्रसाद भट्टराई, लेखक**

Border भनेको त नक्शामा राम्रो सँग demarcated हुनु पर्छजस्तो लाग्छ । २०३२ सालमा राष्ट्रिय विकास आयोजनाका मान्छे सिन्धुली आएछन्। जुम्ला २/४ विद्धार्थी पुगेछन् । Border मा हिड्दै जादा ३०/४० घर सीमामा रहेको कुरा त्यहाँ वडालाई पनि थाहा छैन। उनिहरु कहाँका वासिन्दा हुन भन्ने पनि थाहा रहेनछ । उनीहरुलाई चाहिने भनेको नून रहेछ । राज्य सँग उनिहरुको केहि link रहेन छ । समस्त उत्तरी क्षेत्रमा सीमाको हालत के होला । frontier त छ, तर सीमाना र सिमांकन नै नभएको जस्तो लाग्छ । border लाई व्यवस्थित गर्न हामीले सोचेकै छैनौ। Norway र स्वीडेनको सीमामा दुबै तर्फ बाक्लो जंगल छ तर १० गजा चाहि पुरै खुल्ला राखिएको रहेछ । व्यवस्थापन त त्यस पछि होला जब मेरो सिमाना यो हो भन्ने हुन्छ । हाम्रो भन्दा धेरै घनिष्ठ सम्बन्ध भएको , एउटा परिवार, भाषा भएका बंगलादेश र पाकिस्तान तिर सीमामा fencing गर्न हुने हामी तिर नहुने ? २०/३० करोड र ८००० फौजबाट सीमा व्यवस्थापन हुने रहेछ भन्ने त खुल्यो । पोका त भन्सारले खोल्छ नि त , यसो गर्न हुन्छ भने तिम्रो परिचय देखाऊ त भन्न र सोध्न पनि सकिन्छ होला निम ? हामी नागरिकको पहिचान पनि नगर्ने मुलुक पनि हौँ । नागरिक को पहिचान दिने, सीमा को निर्धारण गर्ने र सीमा व्यवस्थापन गर्ने कुरा महत्वपूर्ण छ जस्तो लाग्छ ।

AIG **रबि राज थापा , Head of Academic Department, APF Staff College**

APF student ले विदेश जानु पर्यो, कसलाई लेख्ने कुरा भो । हामीले Embassy लाई लेख्यौ र ITBP र BSF को Visit गर्यौ । सीमा सुरक्षाको लागि भारतमा SSB (सुरुमा IB) हो , पहिले उनीहरुलाई नेपाल र भुटान हेर्ने जिम्मा थियो I जसको border छैन त्यो Sovereign कसरी हुन्छ ? APFलाई Border मात्र हेर्ने जिम्मा थियो । अहिले भन्सार तिर किन गएको हामीले पनि प्रश्न गर्छौ । त्यसैले Border Security मा मात्र केन्द्रित हुनु पर्यो । structuring को नाममा border हेर्नको निमित्त एउटा AIG थिए त्यसलाई पनि demotion गरि अहिले DIG राखिएको छ । भन्सार regulate छ कि छैन ? छ, समातिराखेको पनि छ। भारत तर्फ पनि अति व्यवस्थित छ । सबैलाई clear mandate दिएको छ अनि perception management गर्नु भन्ने आदेश छ । SSB ले भारत तिर INGO को जस्तो पनि काम गर्छ । जस्तो महिला बेचबिखन नियन्त्रण आदि । नेपालमा भने को सँग बोल्ने र को सँग के कुरा गर्ने भन्ने clarity छैन । अहिले INGO ले झन्डै झन्डै सरकारलाई प्रभाव पार्छ।पिलर भत्केको मात्र के हेर्ने, यहि सिंहदरबारमा आइसकेको छ । नेपाल तर्फ APF प्रहरी बस्ने ठाउँ पनि राम्रो छैन । border security भनेको theory मात्र हैन practice र reality पनि हो, लड्न पनि पर्यो नि । भारतले तिम्रो र हाम्रो शत्रु एउटै हो भन्छ, we need to work together पनि भन्छ । त्यो भयो ground मा । सरकारको budget र काम गर्ने willingness पनि हुनुपर्छ। भारत झन् झन् बलियो हुँदै गएको छ र हामी कमजोर। पहिला, DSP ले के हेर्यो , inspector ले के हेर्यो भन्ने हैन। हाम्रो APF को mandate के छ त? अप्ठ्यारो पर्यो यसले के हेर्यो भन्ने माथि कसैलाई मतलब छैन। Central coordination को व्यवस्था हुनुपर्छ ।

**परशुराम काफ्ले, Editor नयाँ पत्रिका , सञ्चारकर्मी**

नेपाल र भारतको सम्बन्ध complex र सरल पनि छ । भारतको विदेश मन्त्रालयले November मा website मा राखेको छ । १९५० को सन्धि सीमा निर्माण गर्ने कुरा बारे दोश्रो Para मा विशेष

सम्बन्धको आधार १९५०को सन्धि भनेको छ । प्रदेश २ मा भारत र नेपाल खुल्ला सीमा बारे तराईमा रहेको राजनीतिक पार्टीहरु भारतीय राजदूतावासका पधाधिकारी समेत रहेको बैठकमा नेपाल भारत खुल्ला सीमा हुनुपर्छ भनियो । यहाँ Think Tank level मा report बनाउछौं, बहस थाल्छौं भने उता border issue बारे उनीहरुको विचार के छ त? खुल्लमखुल्ला त्यो कार्यक्रम भएको छ , नेपाल सरकार संग यसको जवाफ के छ त ? डा. लोहनीले भन्नु भयो, यो पहिला पनि भएको रहेछ । IC814 को Hijacking मा IK Gujaral ले border बन्द गरौ भन्नु भयो रे। Ranjit Ray ले regulate गर्नु हुन्न भने रे । Bureaucratic pressure रहेको रहेछ। हाम्रो विचमा open border लाई हेर्ने हाम्रो दृस्टीकोण के हो, हाम्रो Approach के हो ? भारतीयहरु यसमा अलमलमा छैनन्। दुबैको अवसर हो भन्छन , अवसर हो भने कति हो। Risk हो भने कति हो ? भारतमा नेपाल बाट जाने remittance पनि सातौँ largest (तीन खर्ब २२ अर्ब) पुग्छ । नेपालमा ६ लाख नागरिकहरु छ भनिन्छ , भारतमा ६० लाख नेपाली छ भनिन्छ। बंगाली सबभन्दा बढी छन् । अन्य बिदेशीहरु पनि छन् । भारत को security threat तराईको २२ जिल्लाबाट भएको छ । उनीहरु यतातिर threat भन्छन् , border regulate गरौ भन्दा हुन्न भन्छन। उनीहरु negative छन्। बिरोधाबास छ । मधेश card हो की? नेपाल को लागि अझै सान्दर्भिक छ भन्ने हो की? border encroachment बाट सबभन्दा पिडित तराईका मान्छे हुन् तर तिनीहरुको समस्या तराईमा रहेका राजनीतिक दलले सम्बोधन गरेका छैनन्। हाम्रो leadership ले seriously हेरेर राष्ट्रिय धारणा बनाएर जानु पर्छ।

**डा इन्द्र अधिकारी, NISS सदस्य, सह कार्यकारी निर्देशक, बिदेश मामिला प्रतिष्ठान**

२/३ ओटा कुराहरुलाई recognize गर्नु पर्छ जस्तो लाग्छ। भारतको border मा जुन ढंगको फौज deply गरेको छ त्यो हेर्दा नेपालबाट भारत secure भएको पनि बुझिन्छ। नेपालको border management मा debate पनि छैन । सरकारले पनि clear भन्दैन। भारतीयले हामीलाई border guard गरेको छ की भन्ने पनि लागेको हुन्छ । भारत र चीन पनि के border मा clear छन् त?Land मात्रै borader हुन्छ कि Space border पनि हुन्छ।हामी बदनाम भएका घटना हेर्दा space (airport) मा के हुने नि ? हाम्रो निकायहरुले के गर्छन? पाकिस्तानबाट कर्नेल आउंछ नेपालको भू-भागबाट हराउछ भारतले पाकिस्तानलाई सोध्छ । हरेक देशले आफ्नो interest हेर्छ भने हामीले किन न हेर्ने त ? EPG को report मा ५ ओटा objective छन् । border भनेको एउटा component हो। technical part मा हामी study नगर्ने, हाम्रो data खोई त ? भारत भन्छ ६० लाख नेपली त्यहाँ छन्। EPG को report मात्र पर्खेर बस्ने हो र? EPG भरि हाम्रो तीन ओटा PM को ownership थियो। बाबुराम भट्टराई, सुशील कोइराला र अहिले के.पी. ओली छन् । तर अहिलेको result हेरौ त ? मोदीले अहिले सम्म report नबुझ्ने हो भने अर्को सरकार आए पछि त्यो EPG report के हुने नि ? खुल्ला सीमा सुरक्षित गरौ भन्छन। तराईका दल र जनताले EPG मा हाम्रो प्रतिनिधित्व किन भएन भन्छन । सुरक्षाको कुरा गर्दा के पनि लाग्छ भने Border मा सुरक्षा फौज तैनाथ छ, तर coordination छैन।सुरक्षा र सूचना कहाँ link गरेका छौ ? सबै सुरक्षा अंगको investigation संयन्त्र छ। गृहसँग पैसा पनि छ। यहाँनेर sensitivity देखाउने कि न देखाउने ? security को नाममा हामीले border को राम्रो पक्षलाई undermine गर्न मिल्दैन । हाम्रो त भारत जाने बाध्यता छ नि। सर्वसाधारण जो पस्स्पोर्ट बनाउन सक्दैनन् उनीहरु भारत नजाने ? यस बाहेक P to P contact पनि महत्व छ नि ?

**पूण्यप्रसाद ओली,पूर्व महानिर्देशक , नापी बिभाग**

१० गजा दुरुस्त राख्नु पर्छ । boundary information system हुनु पर्छ । border management system को लागि पनि camera ले हेर्ने , scan गर्ने , सिस्टम राख्यो भने data हरु update गर्न सकिन्छ । पोका मात्र खोतल्ने हैन नि, को आयो को गयो हेर्नु पर्छ। border मा ४ किसिम का मान्छेले दुख: दिन्छन : SSB, Local Police, गुप्तचर, चोरी गर्ने मान्छे।सीमानाको मान्छेलाई पनि हैरान गर्ने गरेका छन्। सीमामा रहेका हाम्रो APF मजबूत गराउनु पर्यो। सीमामा सबै ठाउँमा बाटो घाटो छैन । Infrastructure कमि छ। कसैले कसैले नागरिकता पनि पाएका छैनन् । यो विभिन्न situation ले गर्दा complication भएको छ। चीनमा भने जति पुस्ता बसे पनि बिदेशीलाई नागरिकता दिने रहेनछ, त्यसैले हामी citizenship मा उदाबादी हुनु हुन्न । दुइ देशको सम्बन्ध राम्रो गर्ने हो भने सीमा चाही व्यवस्थित गर्नु पर्छ । १०/२० कि.मि.भित्र मान्छेहरु उहोर दोहोर गर्छन् । प्रशासन लाई पनि थाहा दिनु पर्छ। भारत तिर हेर्ने हो भने कालोबजार व्यापक छ। ५० प्रतिशत नेपालको अर्थतन्त्र कालोबजारीले चलेको भनि डा. रामबरण यादबले नै भन्नुभयो। महाकाली नदीको उत्पतिबाट हेर्नु पर्छ कालापानीलाई । पुराण, आर्मी, लोकल मान्छेको रिपोर्ट र सन् १८६० भन्दा अघि सुस्तामा पुर्वबाट नारायणी नदि बगेको पाइन्थ्यो। दुई देशको सम्बन्धमा विशेष गरि सुस्ता र कालापानीको समस्या सुल्झेन भने यो पछिको लागि समस्या रही रहन सक्छ । यो आगोको झिल्का हो, border information system, border management system राम्रै राख्नै पर्छ। border मा problem हुन्छ भन्ने त यथार्थ हो । पहिले पहिले वडा अध्यक्ष, जिल्ला सभापतिलाई समेत border management मा राखिन्थ्यो। हाम्रो security personnel कम्तीमा १:५ मा (parity) मा रख्नु पर्छ। चीन र भारत दुवै तर्फ राख्नु पर्छ। अन्यथा भुटानी शरणार्थी जस्तै अरु पनि problem आउन सक्छ । Mass exodus हुँदा कसरी manage गर्ने भन्ने पनि पहिले बिचार पुर्याउनु पर्छ।

**देवी राम शर्मा, निस सदस्य, पूर्व प्रमूख, रा अ वि**

सीमा भनेको मेरो सीमा कति हो भन्ने हुनै पर्छ । हाम्रो सीमा सुरक्षा ढोका नभएको घर जस्तो लथालिंग छ । पाटीपौवा जस्तै छ। संबिधान को प्रस्तावनामा यो संबिधान जारी भएको बखत भन्ने उल्लेख छ । हाम्रो अधिकार भित्र के हो भन्ने प्रष्ट छैन । नेत्र बहादुर थापाको भूगोलमा जे थियो त्यही पढिएको छ। सरकारले आज सम्म नक्शा के हो भनि दिन नसक्नु लज्जास्पद देखिन्छ । प्रत्येक मन्त्रालयमा फरक फरक नक्शा राखिएको पनि पाइयो, उनीहरु सिंहदरबार भित्र पसिसके। अतिक्रम गर्ने कुरा सीमामा मात्र हैन अन्य स्थानमा पनि भएको छ । जुन व्यक्ति वा सरकार आफूलाई संबिधान माथि ठान्छ, आफ्नो राष्ट्रको हीत भन्दा परचक्रीको हीत हेर्छ, त्यसले राष्ट्रहीत कसरी हेर्ला । अहिले नेपालमा intelligence लाई येही हालतमा राखिएको छ। सीमा कमजोर भएको देखिन्छ। सीमा व्यवस्थापन र नियमन गर्ने कुरामा आतंककारी र संगठित अपराधीहरु नेपाल भित्र आश्रय अस्थल बनाएर बसेको आरोप लगाइन्छ भने अर्को तर्फ border लाई खुल्ला राख्नु पर्ने धारणा पनि वहाँ हरु राख्नु हुन्छ। हाम्रो भूमिको सुरक्षा गर्नको निम्ति चीनले भन्ने कि भारतले भन्ने? नेपाल र भारत सीमाको सुरक्षा र निगरानीको लागि सन् २०२० सम्म ८०००० पुर्याउने योजना रहेछ। हाम्रो पुग-नपुग ५००० छन्। अर्कालेमेरो सुरक्षा गरिदिन्छ भन्नु सबैभन्दा ठुलो मुर्खता हो । भारत मात्र यहाँ आउछ भन्ने हैन। रोहिन्जियाहरु गोर्खा देखि अन्यत्र स्थान सम्म पुगिसके । लुम्बिनीमा बुद्धिष्ट सम्मेलन हुँदा रोहिन्जिया threat भयो भनेर सुरक्षा threat मुल्यांकन गरियो। हाम्रो सीमा नियमन नगरिने हो भने मुलुक रहन्छ रहदैन भन्ने प्रश्न उठ्न सक्छ।

**महावीर पौड्याल, Editor My Republica**

दुइ ओटा समस्या देख्छु । border को बारेमा कोहि बोल्दै बोल्दैनन्। critical कुरै हुन्न। यो सरकारमा भएको party ले पहिला त बोल्यो तर अहिले बोल्दै बोल्दैन। positive part के हो भने केहि पत्र पत्रिकाले बोल्छन। समाधानको उपाय के हो त ? बोलिरहने लेखिरहने गर्नु पर्छ। कुराहरु आईरहयो भने issue हुन्छ । केहि दिन पछि हाम्रै mainstream media मा open border हुनु पर्छ भन्ने तर्क आउने त हैन ? त्यसैले नेपाल र भारत बीचको border कसरी managemnet गर्ने भन्ने voice जारी राख्नु पर्छ। blockade को बेलामा भारतमा पनि कुरा उठ्यो नि।

**सूर्यनाथ उपाध्याय, पूर्व अख्तियार निवारण आयोग , प्रमुख**

I speak short । म अहिले EPG मा छैन, पहिला थिएँ। सीमा unregulated भन्नु देशको sovereignity लाई नै प्रश्न गर्ने हो। Fallacy of open border को लागि हाम्रो मान्छेले काम गर्छन । भारतको websiteमा ६० लाख नेपाली छन् भनिएको छ । यो उसमा रहेका बिदेशीहरुको अंक सँग मेल खादैन। नेपालमा कति भारतीय बस्छन् भन्ने पनि छैन, किन कि हामी record पनि नराख्ने अनि कसरी भन्ने नि ? नेपालले फाईदा पाएको छ भन्ने Fallacy पनि हो। ४० लाख भारतीयहरुले नेपालमा नागरिकता लिएछन् (श्याम शरणको किताब अनुसार )। आकर्षण नभए किन नागरिकता लिए त ? आउदैनन् भन्ने Fallacy पनि छ। border regulate गर्न पर्दैन भन्ने आधार भारतीयहरु आउदैनन् भन्ने आधारमा पनि हुन्न। border regulate गरिएन भने केहि वर्ष पछि यो देश पनि रहन्न। यहाँका मान्छेहरु खरिद गरिन्छन् । सकारी कर्मचारीलाई यसको ठुलो challenge के हो भन्नेमा प्रष्ट बुझाउनु पर्यो नि ? border regulation को कुरा पहाडियालाई मात्र चाहिएको हो मधेशलाई चाहिएको छैन भन्ने छ । यदि यसको equal voice हामीले ल्याएनौ भने भारतले नेपालको सीमालाई regulate गर्न चाहदैन। भारतले खेल्छ । मधेशीको हीतमा छ भन्ने कुरा बुझाउनु पर्छ। राष्ट्र जोगाउने कुरामा कुनै विकल्प छ त भनि प्रश्न गर्दा विकल्प त छैन नि । बजेट भएन भनेर भन्ने हैन , जनता र सरकारले पैसा खर्च गर्नु पर्छ । अर्को पनि के अर्थमा बुझ्नु पर्छ भने एउटा demarcation को कुरा छ, अर्को regulate गर्ने कुरा छ । हाम्रै निर्णयले गर्दा २०४५ देखि border pillar हरु लगाएका छौं। fixed boundary principle को कुरा गर्दा cross holding को समस्या भने छ। यसलाई सम्बोधन गर्नु पर्छ। no man’s land को sanctity को लागि पनि यो issue address गर्नु पर्छ । तरिकाहरुमा मध्य land swapping , cross holding मा कुनै किसिम को compensation गर्न पनि सकिन्छ । बंगलादेशमा गरेझैँ सुस्ता कालापानीमा पनि land swapping गर्न सकिन्छ कि ? हामी मात्र देश छौ जसको सीमा खुल्ला छ । हाम्रोलाई border demarcate नै हुनु पर्यो नत्र हामीलाई घाटा हुन्छ । अब रह्यो रोटिबेटीको सम्बन्ध। राष्ट्र हुने र नहुने कुरामा रोटिबेटिलाई तुलना गर्ने कुरा हुन्न। border regulate भएन भने राष्ट्र रहदैन भन्ने statement चाही हामीले पत्याउनु पर्छ। यदि border regulate गर्ने सम्बन्धमा भारतले गर्न चाहदैन भन्ने कुरा clear छ भने यस्तो स्थितिमा हामीले के गर्ने हो त ? यहाँका बुद्धिजीवीले भन्न थाल्छन हाम्रो open border हाम्रो हीतमा छ । भारतमा नेपालले remmittance पठाउने ५औँ ठुलो देश रहेछ। यस्तो अरु कुरा सँग लटरपटर पारेर यसलाई गौण बनाउने काम गर्नु हुन्न हामी alert हुनुपर्छ।

**तोयनाथ बराल, पूर्व महा निर्देशक , नापी बिभाग**

सीमा हाम्रो सुगौली सन्धिले निर्धारण गरिएको छ । त्यसलाई हामीले व्यवस्थित गर्न सकेको स्थिति छ कि छैन। boundary को काम सकिने बेलामा म आईपुगें । सुस्ताको विषयमा पनि सहमति हुन सकेन। plenipotentiary मा minute मा sign गर्न सकिएन ( राती १२ बज्दा सम्म )। यहाँ आएपछि minute किन गरिनस् भनेर स्पष्टिकरण पनि मागे । boundary को issue मा cross holding पनि छ । boundary management गर्दा GPS technology बाट दुई देशले agree गरेको अवस्था हुन्छ । सीमा हराउदैन। Pilar हराए पनि relocate गर्न सकिन्छ । चीन तर्फ त्यति समस्या छैन। त्यसैले त्यसको चर्चा मैले गरिन। boundary को protocol अनुसार अहिले भएको difference पनि छैन । भारत तिर को border management मा जाँदा negative-positive impact दुवै छ। negative impact बढी छ । समयको पावन्दीले गर्दामा elaborate गर्दिन । महाकालीको मूल धार लिम्पियाधूरा बाट आएको देखिन्छ तर हामी लिपूलेक तिर ध्यान दिईरहेका छौ । unofficially कुरा गर्दा यो भूभाग नेपाल तिर पर्छ भन्छन। तर minute मा लेख्ने बेलामा यो मान्दैनन। border management मा security, management, coordination पर्छन। border र boundary को definition फरक छ। civil society educated छैन । APF पनि well equipped छैन। border management program launch गर्नु पर्छ। खानि, पानी, बिजुली अन्य सुबिधा बारे border people हरुलाई educate गर्न सकियो भने local people को ठुलो मद्दत मिल्छ।border management system मा modern technology, अहिलेको IT मा convert गरेर regulate गर्न पर्ने कुरा हो। अहिले १०० किमी monitor गर्ने telescope आइसक्यो । plain area मा हामीले सजिलै monitor गर्न सक्छौ। तर infrastructure (BOP) , Roads हरु त चाहिन्छ, एउटा server मा बसेर order गर्न सकिन्छ। GPS लिएर गस्ती जान्छ। Illegal Trade कसरी रोक्ने ? Collaborative (Integrated Approach) , inter agency, bilateral mechanism, ४ ओटा border checkpost (ICP) को कन्सेप्ट आईसकेको छ। Literature मा हेर्दा सबै राम्रो छ Implementation मा के छ त्यो मलाई थाहा छैन। अहिले modern technology मा UAV पनि छन् । National Integrity को लागि budget को कुरा राख्न हुन् । सीमा व्यवस्थापन दुवै पक्षको इच्छा पनि हुन पर्छ।

**डा. द्वारिकानाथ ढुंगेल, वरिष्ठ अनुसन्धानकर्ता, समाज विज्ञान तथा पूर्व सचिब, जलस्रोतमन्त्रालय**

यहाँ जे जस्ता कुराहरु उठाइए वा धारणाहरु ब्यक्त गरिए, त्यसबाट के भनाई राखूँ ? म त हराएँ I am totally lost । तैपनि केहि कुराहरु राखी हाँलु ।

पछिल्लो पुस्ताले देश देख्छ कि देख्दैन, त्यो थाह छैन । तर, मेरो पुस्तासम्म त देश रहिरहला भन्नेमा थिएँ । अहिले जे भई रहेको देख्दछु वा जे कुरा सुन्दछु, त्यसले भौतिक रुपमा नहराएपनि बास्तवमा नेपाल कायमै नरहने देख्दैछु ।

म जुन बेलासम्म निजामती सेवामा संलग्न थिए, त्यसबखतसम्म चाहे जिल्ला प्रशासक भई काम गर्दा वा माथिल्लो तहमा कार्यरत रहँदा होस, भारतीयहरुसँग विभिन्न तह, राजनीतिक वा अन्यतहमा स्पष्ट

कुरा गरेको देख्दथ्यौं । हामीपनि भारतीयसँग स्पष्टसँग देशका कुरा राख्दथ्यौं । अहिले पनि गैर सरकारी तह (Track Two) मा कुरा हुँदा स्पष्टरुपमा देशका कुरा उठाउने गर्दछौं ।

यहाँ भरखरै ई पि जीले काम सम्पन्न गरेको कुरा गरियो । प्रतिवेदनमा सीमा लगायत सवै कुरा परेको छ । प्रतिवेदन दुवै सरकारका प्रधानमन्त्रीले बुझेपछि नेपाल र भारतका बीच कुनै समस्या बाँकी नरहने कुरा दृढतापूर्वक भनेको सुनें । इ पि जीको काममाथी अत्यन्त विश्वास ब्यक्त गरियो । तर भारतले इ पि जी को प्रतिवेदन स्वीकार गर्ला जस्तो लाग्दैन । भारतको बर्तमान सरकार आफै २०१९ को आम निर्वाचनमा के हुने हो भन्नेमा छ । यस्तो अवस्थामा रहेको सरकारबाट इ पि जी को प्रतिवेदनलाई सीमा लगायत नेपाल सँगको सम्पुर्ण समस्या समाधन होला भन्ने लाग्दैन । साथै इ पि जी को प्रतिवेदनलाई सवै रोगको दवाई मान्नु ठिक होला ?

सीमा लगायतका विषयमा नेपाल भित्र राष्ट्रिय नीतिको आवश्यकता छ । यसको लागि ओलीजी, प्रचण्ड जी र देउवाजी लगायतका नेताहरुमा राष्ट्रिय सहमति कायम गरी अघि बढनु पर्ने हो । यसतर्फ प्रयास हुनु पर्ने हो । तर यिनीहरु राष्ट्रिय सहमति कायम गराउने तर्फ लाग्लान वा नलाग्लान भन्ने कुरा त प्रयोगशाला नामक किताव पढ्दा थाह भई हाल्दछ ।

जवसम्म मुलुकभित्र रहेको ज्ञान, विबेक बुद्बि को प्रयोग गरिने सोच सत्तासीनहरुमा हुँदैन, र भारतकै प्रभावमा हामी परिरहन्छौं, त्यस वखतसम्म केहि आशा गर्न सकिदैन । भारतमा भने त्यहाँका विज्ञहरुका भनाई वा लेखाई लाई सम्वन्धित पक्षले गम्भिर रुपमा लिने गरेको थाहा पाएको छु । उदाहरणहरुका लागि ई पि जि कै प्रतिवेदन पनि नेपाल सम्वन्धी विज्ञहरुलाई पढन दिइसकेको बुझेको छु । हामी कँहा भने विज्ञले थाह पाउलान् भनेर कुखुराले बच्चा छोपे झै लुकाएर राखिएको छ ।

भारतकै अर्को उदाहरण दिउँ, केहि वर्ष अघि ओ रा एफ (ORF) नामक संस्थाले आयोजना गरको भारत नेपाल सम्वन्धमा गरेको सम्मलेलन वा बैठकका सहभागीहरुले नेपालमा मद्रसाको संख्या बढदो छ, यस बारेमा You guys are not taking it seriously भनेका थिए । यस भनाईलाई भारत सरकारले पक्कैपनि गम्भिरतापुर्वक लियो होला । नेपालले यस्ता सोचाईलाई गम्भिरता पुर्वक नलिने हो भने नेपालको सीमाको नियमन वा सीमना कति सुरक्षित राख्न सकिएला ? भारतसँगको सीमाना ब्यवस्थापनका सम्वन्धमा हामी बलियो होलाउँला कि कमजोर ?

डा. प्रकाश चन्द्र लोहनी त आफना धाराणा राखेर हिडिसक्नु भयो । भारतसँग आफ्ना भनाइ स्पष्ट राखेमा उनिहरु कुरा सुन्दछन् र मैले सीमाना नियमन विषयमा भारतसँग निगोसिएसन गरेथें भन्नु भयो । मलाई लाग्दछ कि भारतमा राजनीतिक तह मात्र निर्णयकर्ता होइन, अन्य पनि छन् । साथै, उनिहरु अन्य देशसँगको विषय उठाउँदा, अध्ययन गर्दा वा कुरा गर्दा इतिहासलाई विर्सदैनन् । विगतमा के भएको थियो भन्ने कुरा हेर्छन् । हामी कहाँ भने एउटा नेता आउँछ आफ्नै तालमा भारतीय पक्षसँग कुरा गर्दछ, सम्वन्ध चलाउदछ । विगतमा के भएको थियो वास्ता गर्दैनन् । बरु ए : त्यस्को कुरा भनेर उडाइदिने चलन पाएको छु । अतः डा. लोहनीले गरेको निगोसिएसनलाई उहाँ पछि सिंहदारवारका कुर्सीमा बस्नेले सजिलैसँग विर्से जस्तो लाग्दछ ।

भारतसँगको सीमाना नियमन हुनै पर्दछ, यसको लागि सरकारले रकम खर्च गर्नमा कुनै कन्जुस्याई गर्नु हुँदैन । चाहे सीमा सुरक्षाको लागि सशस्त्र **प्रहरी बल** को सँख्या थप्ने विषय होस । वा, उपकरण प्रयोग गर्नेमा वा संरचना सृजना गर्नमा । यती भन्दा भन्दै पनि भारत को एस एस बी जसरी सीमानामा ब्यबहार गर्दैछ उसले हेप्न **छोड्ला** भन्नेमा शंका यथावत छ ।

साथै भारत सँगको सीमाना सम्वन्धमा मेरो स्पष्ट धारणा होः कालापानी मा भारतीय सुरक्षाकर्मी कायम रहुनजेल र सुस्ताको मुद्दा नटुङ्गिजेलसम्म नेपाल भारत सीमा विषयमा ९८ प्रतिशत काम सिध्धियो, त्यसको आधारमा बनेको स्ट्रीप नक्सामा हस्ताक्षर गरिनु पर्ने बेला बेलामा उठने वा उठाइने प्रस्ताव स्वीकार गरिनु हुँदैन । किन हाम्रा राजनीतिक नेतृत्व बर्गमा कालापानी र सुस्ताको विषय भारतीय नेतृत्ववर्ग समक्ष उठाउने हिम्मत (Guts) गर्दैनन् ?

कालापानी विषयमा अध्ययनका लागि गठन गरिएको सूर्यनाथ उपाध्याय आयोगको प्रतिवेदन तुरुन्त सरकारले सार्वजनिक गरास् । साथै जव सम्म कालापानी र महाकाली नदी स्रोतको सम्वन्धमा कुरा टुंगिदैन, त्यतिबेलासम्म सुदुर पश्चिमको सीमा सम्वन्धी नक्सामा नेपालले दावी गरिने क्षेत्र स्पष्ट देखाइयास् ।

ई पि जि को प्रतिवेदन पनि सार्वजनिक गरियोस् । मैले बुझ्न सकिरहेको छैन, किन प्रतिवेदन पहिले भारतीय प्रधानमन्त्री मोदीजी लाई बुझाउन पर्‍यो ?

नेपालको सीमानासम्वन्धी समस्या भारतसँग मात्र सिमित रहेन । आज (पौष ३०, २०७५) काठमाण्डौ पोष्टमा प्रकाशित समाचार अनुसार चीनले अरुण नदीमा बाँध बाध्न थालेको छ । त्यस **निर्माण**ले नेपाल तर्फ को जमिन असर परेको छ । यो विषयमा सरकार कतिको गम्भिर छ ?

छापामा पढे अनुसार नेपाल Indo Pacific pact सँग सम्वन्धित हुन पुगेको छ । यसले तिव्वतको मुद्दामा के असर पर्ला र त्यसलाई नेपालले कसरी सम्वोधन गर्ला भन्ने कुरा पनि नेपाल चीन सीमानासँग जोडिन आउला ?

चीन निश्चित रुपमा हाम्रो राम्रो मित्र हो । यद्यपि चीन र भारतले लिपुनाकालाई एक आपसका लागि खोल्ने निर्णय गर्दा कसरी चीले नेपाललाई विर्स्यो ? दुई देशका बीच कुरा हुने र निर्णय हुने विषय कसरी **नयाँ** दिल्ली र बईजिङमा रहेका नेपाली राजदूतहरुले थाहा पाएनन् ? थाह पाएर पनि सरकारलाई जानकारी दिएनन् ? हुँदा हुँदा चीनमा राजदूत रहेका हाम्रा एक पुर्व राजदूतले काठमाण्डौंमा भएको एक अर्न्तकृयामा लिपु र कालापानी विषयमा नेपाल सरकारको कुनै निश्चित धारणा छैन रे भनेर भनेको **सुनें** । यी विषयमा नेपाल सरकारको कुनै धारणा नै छैन ? यस्तो पनि कँहि हुन्छ ?

तिव्वतको विषयमा एउटा कुरा उल्लेख गरिदिउँ कि राजा बीरेन्द्रको पालमा तिव्वत विकास हुँदैछ । हाम्रो तर्फ पनि विकासको गति बढाउन आवश्यक छ । यीनै कुरालाई दृष्टिगत गरी हाम्रो उत्तरी क्षेत्र र तिव्वतको विकासलाई कसरी एक अर्काका परिपुरक बनाउन सकिएला भन्ने विषयमा दुर्गम क्षेत्र विकास समिति अर्न्तगत विभिन्न टोलीहरु गठन गरी अध्ययन गराइएको थियो । यस कार्यमा स्व. डा. हर्क गुरुङको पनि संलग्नता थियो । अध्ययन टोलीका प्रतिवेदनहरु पढने अवसर मिलेको थियो । अध्ययन प्रतिवेदनहरु दुर्गम क्षेत्र विकास समितिको कार्यालयमा होलान् । विकासको गतिमा दिनपरदिन अधि

बढदै गरेको तिव्वतको परिवेशमा हाम्रो उत्तरीक्षेत्रको विकास गति पनि दुई देशको सीमानाको बीचको सम्वन्ध र नियमन कुरा पनि जोडिन आउँदछ, जस्तो लाग्दछ ।

अन्त्यमा , नेपालको सीमा ब्यवस्थापन (Border Management of Nepal-Rationale and Urgency) जस्तो महत्वपुर्ण विषयमा भएको यस अर्न्तकृया कार्यक्रममा सहभागिता आमन्त्रण गरिएका मा आयोजक वर्गलाई धन्यबाद दिन चाहन्छु । यहाँ भएका छलफल र निश्कर्षले मुलुका सीमा सुरक्षा र राष्ट्रको अस्मिता अछुण्ण राख्न केहि देन दिन सकेमा आफुलाई धन्य ठान्ने छु ।

**डा उपेन्द्र गौतम, अर्थशास्त्री,** Secretary General, China Study Center Nepal

**The Problem -** In the current affairs, NISS has identified this most important and critical topic. I thank NISS for the invitation and opportunity. A complete mechanism of border management for a sovereign Nepal is a must. Its rationale and urgency are above question.

NISS program note on border management says, for Nepal, "there exists an open border with India." I beg to differ. As a matter of fact, this so-called open border is unilaterally "open" from Nepal side. On the Indian side, there exists armed border governance with full authority to ask for identification, question, capture, confiscate, jail or even kill any Nepali citizen crossing the land border. For air travel into India, a Nepali citizen must produce an agreed ID with photo. A Nepali citizen needs to prove his or her identity to avail a service in India. The Republic of India has systematically adopted double standard in the land border management with Nepal.

Not asserting to regulate and manage border from its side with India has been at the cost of the country, cost of citizens of Nepal, cost of border area security and peace, and cost of China.

**Cost of the country-** Political changes in Nepal are more motivated to giving citizenship to Indians legalizing demographic invasion of Nepal by Indians. With the ever on-going citizenship distribution, the new citizens Indianize Nepal's political and economic systems; and bring Nepal closer to get merged into India "democratically". Indian government officials take pride in the "exemplary democratic" annexation of Sikkim, Nepal's eastern neighbor, into India.

**Cost of the people-** Native indigenous people in all three geo-climatic zones in Nepal will not be able to compete with the outnumbering "Nepalized" Indians in Nepal politically as well as economically. These Nepalized Indians receive support from India's armed border governance, intelligence, diplomacy and business groups. The recent behavior of these Nepalized Indians provides firm evidence to this fact. Despite the talk that India has been making "tremendous growth," poverty level there has remained high due to very limited employment opportunity and industrial and technological expansion. India has remained a feudal country. Nepal attracts Indian workers as they earn much

more here and without any competition. Some World Bank data show that India receives more than 3.22 billion USD annually as remittance from Nepal.

**Cost of the border area security and peace-**Several areas on the border are criminalized; ordinary innocent citizens on both sides have to live in terror like situation.

**Cost of China-**As India is not able to confront China in military, technology and economic terms, its discreet democratic demographic control over Nepal will provide it a Cold War-type of resilience against China where Nepal's so-called mainstream media have a key role to play. But this resilience will have more a face value because India itself is not able to have a total say and control over itself. The western power will move into the Indian gaps and will pursue their own game plan in a "democratic" way as it is understood in South Asia. In South Asia, the rule of the game is to divide; democracy's operating meaning is division.

**Safeguard and Solution-** The safeguard and solution to the unilaterally open border is its regulation by the government of Nepal. National governance is needed that asserts for a rule based border and effectively take care of India's double standard on the border. India is the only country in the region whose armed force has faced gory consequences with all the neighboring countries (China, Pakistan, Sri Lanka) except Nepal and Bhutan.

Nepal has never signed any agreement with India and its former master British India on keeping the border open with it. Nepal is legally and fully empowered to regulate the border-whether there had been a joint EPG report or not. Border security and development need to go together which will boost the morale and living quality of both the border area local people and security personnel.

In 1966, Prime Minister Surya Bahadur Thapa mentioned sealing of the entire border to prevent Nepal's economic deterioration (Frederick Gaige, Regionalism and National Unity in Nepal 2009, P. 54).

During the same period, Economist Dr. Bijaya Bahadur Pradhan made attempts to work out the logistics for effective border administration in Nepal. For this administration, he recommended a custom post every 4 miles, and a border police manned anti-smuggling check post every quarter mile between custom posts. Implementation of such plan would be extremely expensive. But Pradhan pointed out that the substantial increase in revenue collected would finance the system. Without such border administration, he suggested that commercial, fiscal, and foreign-exchange policies will be impossible to carry out effectively, and that it will be impossible to collect the type of statistics about Nepal's trade and international payment upon which national development planning must be based ('A Scheme of Currency Unification in Nepal, n.d., Ibid, p.57).

So Choice lies with the governance of Nepal-to be or not to be.

**<u>समापन मन्तब्य :</u>**

**रथी विवेक कुमार शाह ( अ प्रा )**

आजको अन्तरक्रिया कार्यक्रम सारै fruitful  भयो । सबै विद्वानहरुले सीमा ब्यबस्थापन सम्बन्धमा आफ्ना अत्यन्त महत्वपूर्ण बिचारहरु राख्नु भयो । र,  मलाई यो कार्यक्रम अति नै सफल भएको अनुभूति भएको छ । यसको लागि तपाइँहरु सबैलाईमा हृदय देखि धन्यबाद प्रकट गर्दछु ।

मलाई लाग्छ हामीले छलफल गरेका बिषय र सबैबाट आएका बिचारहरुले एउटा मुर्त रुप लिने छ र सरकारले पनि समग्र राष्ट्रिय हीतलाई सम्झेर उपयुक्त ढंगले यसलाई सम्बोधन गर्नेछ ।  धन्यबाद ।

**सहायक रथी केशर बहादुर भण्डारी, Ph D, सचिब NISS**

म यहाँहरु सबैमा पुन: धन्यबाद प्रकट गर्दै अब हामी refreshment का साथ् साथै अन्तरक्रियालाई पनि अघि बढाउन आग्रह गर्दछु ।